सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २१५ ♦ २०८२ साल चैत्र २८ शनिवार ♦ 11 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेसमा सिँचाइको सङ्कट गहिरिँदै



**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**

मधेस प्रदेशभर करिब ६ लाख २ हजार हेक्टर खेतीयोग्य जमिन रहे पनि कुल ४९ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको छ । प्रदेशको अधिकांश कृषि क्षेत्र अझै वर्षाको पानीमा निर्भर रहेको तथ्याङ्कले देखाएको छ ।

प्रदेश सरकारले बर्सेनि सिँचाइको नाममा करोडौँ रुपैयाँ खर्च गरेर किसानलाई राहत दिएको दाबी गरिरहे पनि ५१ प्रतिशतभन्दा बढी जग्गामा अझै सिँचाइ सुविधा पुग्न सकेको छैन ।

मधेस प्रदेश सरकारले विगतमा किसानलाई लक्षित गर्दै 'खेत-खेतमा पानी, हात-हातमा काम' भन्ने आकर्षक नारासहित महत्वाकांक्षी योजना सार्वजनिक गरेको थियो । यद्यपि उक्त नारा सस्तो लोकप्रियतामै सीमित भएको देखिएको छ ।

प्रदेशमा बर्सेनि घट्दो वर्षा र भूमिगत पानीको अनियमित उपयोगका कारण किसानको उत्पादन जोखिम झन् बढ्दै गएको छ । समस्या समाधानका लागि सरकारले डिप बोरिङ, पावर ड्रिल र ट्युबवेल जस्ता संरचना निर्माणमा ठुलो लगानी गरेको भए पनि तीमध्ये अधिकांश संरचना सञ्चालनमै आउन नसक्दा लगानी प्रभावविहीन बनेको छ ।

महोत्तरी जिल्लाको मनरा सिसवा नगरपालिका-१० स्थित सकरीमा ९५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको डिप बोरिङ हालसम्म सञ्चालनमा आउन सकेको छैन । त्यहाँका

*बाँकी पृष्ठ ३ मा*

## प्रदेशको अधिकार पूर्ण कार्यान्वयन भए प्रदेश सुरक्षा संयन्त्र अझ सक्षम बन्छ : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**



मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले संविधानले प्रदेशलाई प्रदान गरेका अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन भए प्रदेशको सुरक्षा संयन्त्र अझ सुदृढ, व्यवस्थित र स्रोत-साधनयुक्त बन्ने विश्वास व्यक्त गर्नुभएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयद्वारा शुक्रबार जनकपुरधाममा आयोजित प्रतिनिधि सभा सदस्य निर्वाचन समीक्षा तथा सुरक्षा समन्वय कार्यक्रममा बोल्दै उहाँले सङ्घीय शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि बाँकी अधिकर व्यवहारमा लागू हुन आवश्यक रहेको बताउनुभयो । हाल केही अधिकार कार्यान्वयनको चरणमै अपूर्ण रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन भूमिका खेलेको भन्दै तीनै तहका सुरक्षा निकायका प्रतिनिधि तथा मधेस प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

मुख्यमन्त्री यादवले मधेसजस्तो संवेदनशील क्षेत्रमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न हुनु सकारात्मक उपलब्धि भएको उल्लेख गर्दै यसले लोकतान्त्रिक अभ्यासप्रति जनविश्वास अझ बलियो बनाएको बताउनुभयो । उहाँले सुरक्षा निकायहरूको समन्वयात्मक भूमिका निर्वाचन सफलताको मुख्य आधार भएको पनि स्पष्ट पार्नुभयो ।

साथै, उहाँले वर्तमान प्रधानमन्त्रीले चुनावी अभियानका क्रममा जनकपुरधाममा गरेका प्रतिबद्धताहरू कार्यान्वयनमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । यस पटकको निर्वाचन परिणाम समग्र रूपमा प्रशंसनीय रहेको पनि उहाँले बताउनुभयो।

मुख्यमन्त्री यादवले आगामी दिनमा पनि यस्तै समन्वय र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै सुरक्षा निकाय, प्रशासन र सरकार बिचको सहकार्यले प्रदेशमा सुशासन, शान्ति र स्थायित्व कायम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका सभापति तथा गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले मधेस प्रदेशमा शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न हुनुमा सुरक्षा निकायहरूको समन्वयात्मक भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा मुख्य सचिव कमलप्रसाद भट्टराई, निमित्त पृतनापति तथा सहायक रथी शरद लामिछाने, प्रदेश तथा जिल्लास्तरका सुरक्षा निकायका प्रमुखहरू तथा आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको उपस्थिति रहेको थियो ।

## रूबीकुमारी ठाकुरको सफलतामा जनकपुरधाम उत्साहित

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगरपालिका-१४ निवासी रूबी कुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख पदमा निर्वाचित भएपछि उनको गृह क्षेत्र जनकपुरधाममा उत्सवमय वातावरण बनेको छ ।

सामान्य परिवारबाट उठेर राष्ट्रिय राजनीतिको उच्च पदमा पुग्न सफल भएकी ठाकुरको सफलताले स्थानीय समुदायमा नयाँ आशा र प्रेरणा थपेको छ ।

श्रम संस्कृति पार्टीबाट समानुपातिक सांसद बनेकी ठाकुरलाई उपसभामुखमा निर्वाचित गराउन राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन निर्णायक बनेको थियो ।

केही महिनाअघि मात्र सांसद बन्ने कल्पना नगरेकी उनी अहिले प्रतिनिधिसभाको महत्वपूर्ण जिम्मेवारी सम्हाल्ने स्थानमा पुगेकी छन् ।

उनको सफलताले परिवारमा मात्र नभई सिंगो टोल छिमेकमा खुसी छाएको छ ।

आमा रेणुदेवी ठाकुरले छोरीको उपलब्धिलाई जीवनकै ठूलो खुसीको रूपमा लिँदै गर्व व्यक्त गरेकी छन् भने बुवा रामसोगारथ ठाकुरले विगतका संघर्षपूर्ण दिनहरू सम्झिँदै भावुक भएका छन् ।

परिवार पाल्न इँटा भट्टा, खेतबारी र साना व्यवसायसम्म गर्नुपरेको अनुभव सुनाउँदै उनले छोरीको सफलताले सबै दुःख बिर्सिएको बताएका छन् ।

रूबीकुमारीको बाल्यकाल सीमित स्रोत साधनबीच बितेको थियो ।वैदेशिक रोजगारीमा रहेका बुवाको आम्दानी र गृहिणी आमाको मिहिनेतमा हुर्किएकी उनी सानैदेखि जिम्मेवारी बोकेर अघि बढेकी थिइन् ।

घरमा तीन दिदीबहिनी र दुई भाइबीचको पारिवारिक परिवेशले उनलाई संघर्ष र आत्मनिर्भरता सिकाएको थियो ।



स्थानीय मुजेलियाका बासिन्दाहरूका लागि रूबीको सफलता ऐतिहासिक मानिएको छ । यहाँका बासिन्दाहरूले अब आफ्ना छोरीहरू पनि देशको नीति निर्माण तहसम्म पुग्न सक्छन् भन्ने आत्मविश्वास बढेको बताएका छन् ।

देशकै कान्छी सांसदमध्ये एकका रूपमा परिचित ठाकुर अब उपसभामुखको जिम्मेवारीमा रहेर संसदमा सामाजिक कुरीति, विभेद र अन्यायविरुद्ध प्रभावकारी आवाज उठाउने विश्वास गरिएको छ ।

# मधेश प्रदेशमा थप ६ दिन सार्वजनिक बिदा

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३ का लागि संघ सरकारले निर्धारण गरेको सार्वजनिक बिदाका अतिरिक्त प्रदेशभर लागू हुने गरी थप ६ दिन बिदा दिने निर्णय गरेको छ।

प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गर्दै सांस्कृतिक तथा धार्मिक महत्वका पर्वहरूलाई लक्षित गरी थप बिदा स्वीकृत गरिएको जनाएको हो। निर्णयअनुसार बैशाख २ गते सिरुवा पावनी, कार्तिक ३० गते छठ पर्वअन्तर्गत उदाउँदो सूर्यलाई अर्घ्य दिने दिन तथा मंसिर २८ गते विवाहपञ्चमीका अवसरमा सार्वजनिक बिदा दिइनेछ।

यसबाहेक प्रदेश सरकारले आवश्यकता अनुसार थप ३ दिन बिदा घोषणा गर्न सक्ने व्यवस्था पनि गरिएको छ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त प्रदेश सचिव गणेश नायकका अनुसार फागुन १८ गते प्रकाशित प्रदेश राजपत्र (खण्ड ७५, संख्या ६७, भाग ५) मा उल्लेख भएअनुसार बैशाख १ गतेदेखि चैत मसान्तसम्म लागू हुने गरी एक वर्षको अवधिमा संघीय बिदाबाहेक थप ६ दिन सार्वजनिक बिदा स्वीकृत गरिएको हो।

प्रदेश सरकारले स्थानीय संस्कार, परम्परा र जनभावनालाई सम्मान गर्दै यस्तो निर्णय गरेको बताएको छ।

# सामुदायिक विद्यालयमा कम्प्युटर सहयोग, डिजिटल शिक्षामा टेवा

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**




सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार तथा डिजिटल साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले जनकपुरधाममा एक विद्यालयलाई कम्प्युटर सहयोग प्रदान गरिएको छ।

रोटरी क्लब अफ जनकपुर धामको सहयोगमा जनकपुर धामस्थित लक्ष्मण अखाडामा रहेको श्री जनता आधारभूत विद्यालयलाई एक थान कम्प्युटर सेट हस्तान्तरण गरिएको हो।

कार्यक्रम मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवको विशेष उपस्थितिमा सम्पन्न भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले शिक्षालाई समृद्धिको मूल आधारका रूपमा व्याख्या गर्दै शिक्षा क्षेत्रको सुधार का लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सक्रियता आवश्यक रहेको उल्लेख गरे।

त्यसैगरी, रोटरी क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष विजयकुमार झुनझुनवालाले विद्यालयमा बालबालिकाको सुविधाका लागि छिट्टै शौचालय निर्माण गरिने जानकारी दिए।

क्लबका अध्यक्ष ललित बजाजको संयोजकत्वमा सम्पन्न कार्यक्रममा वडा अध्यक्ष अर्जुन चौधरी, विद्यालयका प्रधानाध्यापक कञ्चन झा, क्लबका पूर्वअध्यक्ष प्रमोद कुमार अग्रवाल, कार्यकारी निर्देशक प्रदीप दत्त, सदस्य रञ्जित अग्रवाल तथा समाजसेवी रेखा साहलगायतको उपस्थिति रहेको थियो।

यसअघि पनि रोटरी क्लब अफ जनकपुरधामले जनकपुरधामकै सकल भवन कन्या माध्यमिक विद्यालयमा शौचालय निर्माण तथा शैक्षिक सामग्री सहयोग गर्दै आएको जनाएको छ।

# मधेशमा लोककल्याणकारी विज्ञापनका लागि ७० लाख, कडा मापदण्डसहित वितरण हुने

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले ७० लाख रुपैयाँ विनियोजन गर्दै वितरण मापदण्ड तथा विषयवस्तु तय गरेको छ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको कार्यालयमा शुक्रबार बिहान बसेको लोककल्याणकारी विज्ञापन सिफारिश समितिको बैठकले विज्ञापन रकम बाँडफाँडदेखि सामग्री निर्माणसम्मका महत्वपूर्ण निर्णयहरू सर्वसम्मत रूपमा गरेको हो। बैठक संयोजक ज्योति झाको अध्यक्षतामा सम्पन्न भएको हो।

बैठकमा आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल, नेपाल पत्रकार महासंघ, सामुदायिक रेडियो प्रसारक संघ लगायतका प्रतिनिधिहरू तथा आमन्त्रित कर्मचारीहरूको उपस्थिति रहेको थियो।

समितिले आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजन गरिएको ७० लाख रुपैयाँ विभिन्न शीर्षकमा खर्च गर्ने निर्णय गरेको छ। यसमध्ये करिब ४ लाख रुपैयाँ विज्ञापन निर्माणमा खर्च गरिनेछ भने बाँकी रकम विज्ञापन प्रकाशन, प्रसारण, अनुगमन तथा व्यवस्थापनमा खर्च गरिने जनाइएको छ।

विज्ञापन प्रकाशनका लागि पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन तथा अनलाइन मिडियालाई प्राथमिकता दिइनेछ।

बैठकले विज्ञापन वितरणलाई पारदर्शी बनाउन दर्ता भएका सञ्चारमाध्यमहरूको पुनः मूल्यांकन गर्ने निर्णय पनि गरेको छ। दर्ता भएका १९४ पत्रपत्रिका, ६४ एफएम रेडियो, ११ टेलिभिजन र ११० अनलाइन पोर्टलमध्ये आवश्यक कागजात नपुगेका, नविकरण नगरेका, दोहोरिएका तथा प्रदेश बाहिर का सञ्चारमाध्यमलाई हटाएर मात्र योग्य माध्यमहरूलाई विज्ञापन उपलब्ध गराइनेछ।

समितिले लोककल्याणकारी विज्ञापनलाई सामाजिक सचेतना अभिवृद्धि गर्ने माध्यमका रूपमा प्रयोग गर्ने निर्णय गरेको छ। टेलिभिजन विज्ञापनका लागि छोरी शिक्षा, बालविवाह रोकथाम, दाइजो प्रथा अन्त्य, सरसफाइ, महिला सशक्तिकरण, सडक सुरक्षा, कृषिमा आधुनिक प्रविधि, वैदेशिक रोजगारी सचेतना, लागुऔषध दुरुपयोग नियन्त्रण तथा जलवायु परिवर्तनजस्ता विषयलाई प्राथमिकता दिइएको छ।

त्यस्तै, पत्रपत्रिकाका लागि शिक्षा, स्वास्थ्य सेवा पहुँच, कर तिर्ने बानी, मतदाता शिक्षा, स्वास्थ्य बीमा, कृषि अनुदान, महिला तथा बाल अधिकार, डिजिटल साक्षरता, आपतकालीन तयारी र सामाजिक सुरक्षा भत्तासम्बन्धी विषय समेटिनेछन्।

समितिले विज्ञापन सामग्री नेपाली भाषासहित थारु, भोजपुरी र मैथिली भाषामा पनि तयार गर्ने निर्णय गरेको छ। यसले प्रदेशका विभिन्न समुदायमा सन्देश प्रभावकारी रूपमा पुग्ने विश्वास गरिएको छ।

समितिले विज्ञापन वितरणलाई थप पारदर्शी, समावेशी र प्रभावकारी बनाउन मापदण्ड कडाइका साथ लागू गर्ने जनाएको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेसमा सिँचाइको सङ्कट................

स्थानीय भगवान झाले बताएअनुसार संरचना तयार भए पनि विद्युत् जडान, मर्मत तथा व्यवस्थापन अभावका कारण किसानले त्यसबाट कुनै लाभ लिन सकेका छैनन् ।

जिल्लागत अवस्थालाई हेर्दा महोत्तरीमा ३३ वटा र धनुषामा २२ वटा गरी ५५ वटा डिप बोरिङ जडान गरिएको छ । यद्यपि अधिकांश प्रयोगविहीन अवस्थामा छन् । त्यस्तै महोत्तरीमा ४३ वटा र धनुषामा १२३ वटा गरी कुल २१६ वटा पावर ड्रिल ट्युबवेल जडान गरि एको भए पनि धेरै संरचना सञ्चालनमा आउन सकेका छैनन् ।

भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय महोत्तरीका निमित्त प्रमुख अमलेश यादवले बजेट अभाव, ट्रान्सफर्मर चोरी, विद्युत् आपूर्तिमा समस्या तथा प्राविधिक व्यवस्थापनको कमजोरीका कारण संरचना सञ्चालनमा आउन नसकेको बताए ।

उनले भने, 'संरचना बनाउनु मात्रै समाधान होइन, यसको सञ्चालन र व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसतर्फ आवश्यक ध्यान नपुग्दा धेरै आयोजना अलपत्र परेका छन् ।'

प्रदेश सरकारले सिँचाइ पहुँच विस्तार गर्ने उद्देश्यले ट्युबवेल वितरण कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । गत आर्थिक वर्षमा पर्सामा ४०५ जना, रौतहटमा ३१२ जना, बारामा ३४ जना, सप्तरीमा २३२ जना, सिराहामा २०९ जना, महोत्तरीमा २०५ जना र सर्लाहीमा १४५ जना किसानलाई स्यालो ट्युबवेल वितरण गरेको तथ्याङ्क छ ।

चालु आर्थिक वर्षमा पनि वितरण प्रक्रिया जारी रहेको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ । यो कार्यक्रमले सीमित क्षेत्रलाई मात्र राहत दिए पनि दीर्घकालीन रूपमा समस्या समाधान गर्न नसकेको किसानहरूको गुनासो छ ।

आकाशे पानीकै भरमा खेती गर्दै आएका किसान सरकारी योजनाप्रति निराश देखिन्छन् । मिथिला नगरपालिका-४ का रामजी साहले भने, 'सिजनअनुसार पानी पर्दैन, हामी आकाशे पानीकै भरोसामा हुन्छौं ।'

सरकारले सिँचाइ सुविधाबारे ठोस कदम र दीर्घकालीन व्यवस्था गर्नुपर्ने उनको भनाइ छ । सरकारी अनुदानमा गाडिएका बोरिङबाट समेत पानी नआएको उनले सुनाए ।

त्यस्तै चक्रघट्टा नगरपालिका-३ का नरेश यादवले हरेक वर्ष सिँचाइको मुद्दा उठाउने गरे पनि भाषण र प्रतिबद्धतामै सीमित हुने गरेको बताए । उनले भने, 'सिँचाइ अभावले धान, गहुँ, मकै लगायत प्रमुख बालीको उत्पादनमा प्रत्यक्ष असर परेको छ । समयमा पानी नपुग्दा रोपाइँ ढिलो हुन्छ, उत्पादन घट्छ र लागत बढ्छ ।'

यता मधेस प्रदेशका कृषिमन्त्री श्याम पटेलले यसपालि प्रदेशभरिका किसानले स्यालो ट्युबवेलका लागि दिएका आवेदन नियमानुसार सबैलाई व्यवस्थापन गरिने बताए ।

उनले भने, 'मलखाद संघीय सरकारको मातहतमा भएकाले त्यसमा हामी केही गर्न सक्दैनौं, तर सिँचाइको व्यवस्थापन प्रदेश सरकारले गर्न सक्छ । पर्सामा मात्रै स्यालो ट्युबवेलका लागि करिब ८०० जनाले फाराम भरेका छन् । आवेदन दिएकाहरूलाई हामी उपलब्ध गराउनेछौं ।'

मधेस प्रदेशको कृषि प्रधान क्षेत्रमा सिँचाइ प्रणाली प्रभावकारी नहुनु दीर्घकालीन आर्थिक जोखिमको विषय बन्दै गएको किसानहरूको भनाइ छ ।

उनीहरूका अनुसार सिँचाइ समस्या समाधानका लागि संरचना निर्माणभन्दा पनि दिगो व्यवस्थापन, नियमित मर्मत, विद्युत् आपूर्ति सुनिश्चितता तथा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक छ । त्यसैगरी सामुदायिक व्यवस्थापन प्रणाली, सौर्य ऊर्जामा आधारित सिँचाइ तथा प्रविधिमैत्री समाधानहरू अपनाउन सके मधेसको सिँचाइ सङ्कट समाधानतर्फ उन्मुख हुन सक्ने देखिन्छ ।

# गौशाला बजार .......

अनुसार आधारभूत सुविधा अभावका कारण व्यापारी तथा सर्वसाधारण दुवै प्रभावित भइरहेका छन्।उनले भने, "बजार व्यवस्थापन, खानेपानी, पार्किङ तथा सार्वजनिक शौचालयजस्ता विषयहरू जनजीवनसँग प्रत्यक्ष जोडिएका छन्।

तसर्थ, स्थानीय सरकारले यसतर्फ गम्भीरतापूर्वक ध्यान दिन आवश्यक छ।"यता, नगर प्रमुख डा. दिपेन्द्र महतोले युवाहरूले उठाएका मागलाई सकारात्मक रूपमा लिँदै नगरपालिकाले बजार व्यवस्थापन सुधारलाई प्राथमिकतामा राखेर काम अघि बढाइरहेको बताए।उनका अनुसार बजार क्षेत्रको दीर्घकालीन व्यवस्थित विकासका लागि आवश्यक योजना निर्माण भइरहेको छ। उनले भने, "बजार व्यवस्थापन, पार्किङ, खानेपानी तथा सरसफाइका विषयहरू नगरको प्राथमिक एजेन्डा हुन्। क्रमशः समस्या समाधान गर्दै लैजानेतर्फ नगरपालिका अग्रसर छ।"

नगर प्रमुख महतोले स्थानीय सरकार, व्यापारी तथा सरोकारवाला निकायबीच समन्वय अपरिहार्य रहेको उल्लेख गर्दै दिगो समाधानका लागि सामूहिक प्रयास आवश्यक हुने धारणा व्यक्त गरे।युवा सञ्जालले बजार सुधार भएमा नगरको व्यापारिक गतिविधि वृद्धि हुनुका साथै समग्र विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी
## ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०६५।१२।२५ मा दर्ता भएको प्रा.लि.नं.६१६८६ भएको अरुश ट्रेडींग (प्रा.ली.) को २०८२।१२।२७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को् दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४३२४५९८२

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी
## ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७३।१०।२० मा दर्ता भएको प्रा.लि.नं.१६२९५६ भएको अरुश टायर कोल्ड रिट्रेडींग (प्रा.ली.) को २०८२।१२।२७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को् दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४३२४५९८२

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी
## ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०६९।१०।१४ मा दर्ता भएको प्रा.लि.नं.१०९२०२ भएको एञ्जल इन्टरप्राइजेज ((प्रा.ली.) को २०८२।१२।२७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को् दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

लिक्विडेटर: गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८
कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ
सम्पर्क नम्वर:९८४३२४५९८२

**शिरीष अफसेट प्रेस**
बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।
सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# गौशाला बजार सौन्दर्यकरणको माग गर्दै युवाहरुले बुझाए ज्ञापनपत्र



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**चैत्र २७ गते, महोत्तरी**

गौशाला नगरभित्रका बजार क्षेत्रको व्यवस्थापन तथा आधारभूत सुविधा सुधारको माग गर्दै गौशाला नगर युवा सञ्जालले नगरपालिकामा ज्ञापनपत्र बुझाएको छ।नगर युवा सञ्जालका अध्यक्ष भरत महतो कोईरीको नेतृत्वमा गएको युवाहरूको टोलीले नगर प्रमुख डा. दिपेन्द्र महतो समक्ष उक्त ज्ञापनपत्र बुझाएको हो। बजार क्षेत्रलाई व्यवस्थित, सुरक्षित तथा सौन्दर्ययुक्त बनाउने उद्देश्यसहित आवश्यक पूर्वाधार विकासका लागि ध्यानाकर्षण गराइएको जनाइएको छ।

ज्ञापनपत्रमा बजार क्षेत्रमा उपयुक्त स्थान निर्धारण गरी शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्ने, सवारी साधनका लागि सुरक्षित तथा व्यवस्थित पार्किङ स्थल निर्माण गरिनुपर्ने, तथा सार्वजनिक शौचालयको पर्याप्त व्यवस्था हुनुपर्ने माग गरिएको छ। त्यस्तै, साना तथा ठूला व्यापारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने वातावरण सुनिश्चित गर्नुपर्ने र समग्र बजार क्षेत्रलाई स्वच्छ, सुरक्षित तथा व्यवस्थित बनाउन तत्काल पहल गर्नुपर्ने उल्लेख गरिएको छ।

यसैबीच, युवा सञ्जालका अध्यक्ष भरत महतो कोईरीले बजार क्षेत्रको वर्तमान अवस्था चिन्ताजनक रहेको भन्दै तत्काल सुधार आवश्यक रहेको बताएका छन्। उनका

*बाँकी पृष्ठ ३ मा*

# जलेश्वरबाट १९२ किलो गाँजासहित एक पक्राउ

**खबर दर्पण समाचारदाता**
**चैत्र २७ गते, बर्दिवास**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाबाट महोत्तरी प्रहरीले १९२.८ किलोग्राम गाँजासहित एक जनालाई नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ।

प्रहरी उपरीक्षक हेरम्ब शर्माको कमाण्डमा खटिएको प्रहरी टोलीले बुधबार राति जलेश्वर नगरपालिका-८ कजराही कुट्टी अगाडि सवारी जाँचका क्रममा बा.प्र.०२-००६९९४ नम्बरको निसान कारबाट उक्त परिमाणको गाँजा बरामद गरेको हो।

जाँचका क्रममा कारमा सवार व्यक्तिहरू सवारीसाधन छोडी फरार भएपछि प्रहरीले कार खानतलासी गर्दा २२ वटा पोकामा राखिएको गाँजा फेला परेको जनाएको छ।उक्त कार सँगै आएको प्रदेश २-०३-००१ च ९०७७ नम्बरको नेक्सस कार लाई समेत प्रहरीले पछ्याउँदै महोत्तरी गाउँपालिका-४ र तवाडाबाट फेला पारी सोही कारमा सवार एक २६ वर्षीय पुरुषलाई नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी निरीक्षक विश्वम्भरनाथ साहका अनुसार पक्राउ परेका व्यक्तिमाथि थप अनुसन्धान भइरहेको छ भने फरार व्यक्तिहरूको खोजी कार्य जारी रहेको छ। घटनासम्बन्धी अनुसन्धानका लागि प्रहरीले अदालतबाट पाँच दिनको म्याद लिएको जनाएको छ।

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ ।
अनुरोधकर्ता :
जनकपुरधाम उपमहनगरपालिका
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

Progressive Academy
Bardibas - 1, Mahottari
www.progressivebardibas.com



Learning Beyond Books
School Time:
7AM to 6 PM
A Semi-residential school.
Integration of STEAM & PLE pedagogy
Classrooms with AC and Smart Boards
Focus on Moral Values & Culture
Trained and Dedicated Teachers
Technology Integrated Education
ADMISSIONS OPEN
Pre-School to Grade 8
Give your child an education that develops skills, confidence, and character.
98540-55122 | 044-590422

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
२४ सैं घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको समेत व्यवस्था भएको
विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,